नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
सामान्य सेवा विभाग
धर्मपथ, काठमाडौं

सुरक्षाकर्मी सेवा करारमा आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना

**ई-बिडिङ्ग मार्फत बोलपत्र आह्वानको सूचना नं. NBL/NCB11/O079/80**

(दोस्रो पटक सूचना प्रकाशित मिति २०७९/१२/२८)

१. नेपाल बैंक लिमिटेडद्वारा २०८० साल श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्म २(दुई) बर्षको लागि सुरक्षाकर्मीहरु सेवा करारमार्फत आपूर्ति गर्न योग्य बोलपत्रदाताहरुबाट बोलपत्र प्रस्ताव आह्वान गरिन्छ।

२. बोलपत्रसम्बन्धी कुनै कुरा बुझ्नु परेमा वा बोलपत्रसम्बन्धी कागजात हेर्नु परेमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ । साथै बैंकको वेभसाईट www.nepalbank.com.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.ppmo.gov.np मा पनि हेर्न सकिनेछ।

३. बोलपत्र सम्बन्धी कागजात e-GP System (www.bolpatra.gov.np/egp) बाट डाउनलोड गर्न सकिनेछ। बोलपत्र कागजात खरिद रकम बापत रु. २०,०००।- (अक्षरेपी बीस हजार मात्र, पछि फिर्ता नहुने) निम्न बैंक खातामा जम्मा गर्नु पर्नेछ। धरौटी वापत रु. ९८,००,०००।०० (अक्षरेपी अन्ठानब्बे लाख मात्र) निम्न बैंक खातामा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा **१५० दिन** म्याद भएका यस बैंक बाहेकको "क" वर्गको बाणिज्य बैंक बाट जारी भएको विड बण्ड ग्यारेन्टी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ।

बैंक: **नेपाल बैंक लिमिटेड** शाखा: **काठमाडौं बैंकिङ्ग अफिस**
खाताको नाम: **बोलपत्र फाराम दस्तूर** खाता नं.: **००२००१०६७११२८३००००००१**
**खाताको नाम:** NBL BID Deposit Account खाता नं.: **००२००१०६७११२८०००००००१**

४. इच्छुक बोलपत्रदाताहरुले ई-बिडिङ्ग मार्फत बैंकको लागि आवश्यक सुरक्षाकर्मीहरु आपूर्ति गर्न e-GP System (www.bolpatra.gov.np/egp) मार्फत् मिति २०८०/०१/१३ गते १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न सक्नेछन्।

५. ई-बिडिङ्ग मार्फत् दाखिला भएका बोलपत्रहरु मिति २०८०/०१/१३ गते १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कुनै कारणवश बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिनेछ।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

७. बोलपत्र दाखिलासम्बन्धी अन्य जानकारी बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

८. कुनै बोलपत्रदाताको बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने, खरिद कारबाही रद्द गर्ने वा ठेक्का प्रदान गर्नु अघि कुनै पनि समयमा सबै बोलपत्रहरु रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा रहने छ । यसरी बोलपत्र रद्द गरिएको भएमा रद्द गरिएको सूचना बोलपत्र पेश गर्ने सबै बोलपत्रदातालाई जानकारी दिईनेछ ।